**प्रकाशित मितिः २०८३/०५/२२**

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरपालिकाको आर्थिक ऐन, २०८३ अनुसार नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर सङ्कलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला खयर र अन्य कु काठ समेतको आ.व २०८३/८४ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले आय सङ्कलनको ठेक्का कबोल गर्न इच्छुक व्यक्ति वा फर्महरूबाट आवश्यक कागजात सङ्लग्न राखी तपसिल बमोजिमको सर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र खरिद तथा पेस गर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी फर्महरुको लागि आ.व.२०८३/८४ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र तथा व्यक्तीको लागि नागरिकता तथा पान नम्बर प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक दरभाउपत्रदाताले **लिखित निवेदन दिई यस कार्यालयको सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंक हि.नं. ३०५०१००३०१०१०००२ खातामा रु १०००।-को नगद जम्मा गरेको सक्कल भौचर वा नगदी रसिद सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।**

२. खरिद भएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु उपस्थित दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको सन्धिखर्क स्थित राष्ट्रिय बाणिज्य बैंक ३०५०१००३०३००००२ खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको **विडवण्ड दरभाउपत्रमा कवोल अंकको ५ प्रतिशतले हुन आउने रकम वरावरको दाखिला गर्ने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडवण्ड) को सक्कल प्रति पेस गर्नुपर्नेछ ।**

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।साथै दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। न्युनतम अङ्क भन्दा घटी कबोल गरेको, म्याद नाघेको, रित नपुगेको वा सर्त राखी पेस गरेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

६. थप जानकारीको लागि http://sandhikharkamun.gov.np/ मा वा कार्यालय समय भित्र राजश्व शाखामा सम्पर्क गर्न सकिनेछ।(सम्पर्क नम्बर ९८५७०२९५९९)

७. दरभाउपत्र खरिद दस्तुर, आधार मुल्य रकम, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ ।

तपसिल

| ठेक्का नं. | विवरण | आधार मुल्य (मूल्य अभिवृद्धि कर बाहेक) | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| आय ठेक्का नं राजश्व १/ २०८३/८४ | नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जीको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत | १५,००,०००/- (पन्ध लाख) | २०८३/५/२९ गते कार्यालय समय सम्म | २०८३/५/३० गते १२:०० बजेसम्म | २०८३/५/३० गते १२:३० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**